Received Date: April 2024 Revised: May 2024 Accepted: June 2024

# 'यात्रा लामा बगरको' कृतिमा नियात्रा शिल्प

**डा. ढुण्डिराज पहाडी**
उपप्राध्यापक, पाटन संयुक्त क्याम्पस
*Doi: https://doi.org/10.3126/pragya.v13i1.71189*

**लेखसार**

*प्रस्तुत अध्ययन नियात्राकार कुलचन्द्र कोइरालाद्वारा रचित 'यात्रा लामा बगरको' शीर्षकको नियात्रा कृतिमा प्रयुक्त विषयवस्तु र त्यसलाई आस्वाद्य बनाउने प्रस्तुतीकरण पद्धतिको विमर्शसँग सम्बन्धित छ । यसमा नियात्रा सिद्धान्तलाई आधार बनाएर विवेच्य नियात्रा कृतिको सघन अध्ययनबाट प्राप्त तथ्यलाई विश्लेषण गर्दै नियात्राको अन्तर्वस्तुलाई सुन्दर बनाउने शिल्पपद्धतिको वस्तुनिष्ठ अनुशीलन गरिएको छ । नियात्राको समीक्षा गर्दा मूलतः निजात्मकता, आलङ्कारिकता, विषयवस्तुगत प्रवृत्ति र भाषाशैलीलाई प्रमुख मानदण्ड बनाइएको छ । नियात्राको विषयवस्तुमा प्रतिबिम्बित तत्कालीन नेपाल चीन बिचको मैत्रीसम्बन्ध, हिमाली भेगका दोलखा, सिन्धुपाल्चोक जस्ता जिल्लाहरूको भौगोलिक, प्राकृतिक तथा आर्थिक झलक र यात्राप्रदेशको सामाजिक जनजीवनका विविध पक्षलाई आत्मपरक शैलीमा प्रस्तुत गर्दै कथ्य र शिल्पबिचको सन्तुलनलाई प्रभावकारी बनाइएको निचोड प्रस्तुत नियात्रा कृतिको विश्लेषणबाट प्राप्त भएको छ । यात्राप्रदेशको वस्तुपरक वर्णनले पाठकलाई आकर्षण नगर्ने हुनाले नियात्राकारले पाठकलाई निजानुभूति र आलङ्कारिक सरसताका माध्यमबाट आफूसँगै यात्रारत गराई नियात्रालाई सुसंवेद्य र पठनीय बनाएको निष्कर्ष प्रस्तुत अध्ययनमा पाइन्छ ।*

**शब्दकुञ्जी :** यात्राप्रदेश, यात्रीसर्जक, निजानुभूति, चित्रात्मक प्रस्तुति, प्रस्तुतीकरण पद्धति ।

## विषयपरिचय

'यात्रा लामा बगरको' नियात्रा कृति कुलचन्द्र कोइरालाद्वारा रचित सुन्दर नियात्रासङ्ग्रह हो । यसको प्रकाशन २०५० सालमा भएको हो । सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिकामा पर्ने घोक्सिलास्थित हैबारबेसमि जन्मेका कुलचन्द्र कोइराला (वि.सं. १९८५-२०५०) संस्कृत वाङ्मयको विशिष्ट अध्येता मानिन्छन् (कोइराला, २०६९, पृ. ९०) । उनका गद्य तथा पद्य शैलीका फुटकर कविता, मौलिक र अनुवादपरक खण्डकाव्य, एउटा अपूर्ण महाकाव्य र केही गीतहरूसमेत प्रकाशित देखिन्छन् । संस्कृति र साहित्यतर्फ कुलचन्द्र कोइरालाका प्रशस्त कृति प्रकाशित भएका छन् । साहित्यतर्फ प्रकाशित उनका कृतिहरूमा 'मेघदूत' (२०४२), 'भृकुटी' (२०४५) खण्डकाव्यका रूपमा प्रकाशित सङ्ग्रहहरू हुन् भने कथा कृतिका रूपमा 'एक पैसा' (२०४६), हास्यव्यङ्ग्य सङ्ग्रहका रूपमा 'बाजे पुराण' (२०४९), कवितासङ्ग्रहका रूपमा 'कुलचन्द्र कोइरालाका कविता' (२०५०) र नियात्रा सङ्ग्रहका रूपमा 'यात्रा लामा बगरको' (२०५०) तथा 'नबिर्सिने क्षणहरू' (२०५०) प्रकाशित भएका छन् ।

विवेच्य नियात्रा सङ्ग्रह 'यात्रा लामा बगरको' भित्र तीन ओटा फुटकर नियात्रा सङ्कलन गरिएका छन् । कृतिको प्रारम्भिक भागमा 'यात्रा लामा बगरको' शीर्षकको नियात्रा समावेश गरिएको छ भने मध्य भागमा 'भूमिगत जीवनको एउटा यात्रा' नामक नियात्रालाई सङ्कलन गरिएको छ । कृतिको अन्त्य भागमा 'चार दशकपूर्वको एउटा यात्राको सम्झनामा' भन्ने नियात्रा राखिएको छ । यी तीनै संस्मरणात्मक यात्रा निबन्धमा कुलचन्द्र

कोइरालाले स्वदेशी परिवेश र स्वदेशस्थित मध्य पहाडी क्षेत्रदेखि उत्तरतर्फको हिमाली पहाडी प्रदेशसम्मलाई यात्राप्रदेशका रूपमा लिएका छन् । 'भूमिगत जीवनको एउटा यात्रा' शीर्षकको नियात्रामा तराईको जनकपुर आसपासदेखि भारतको दरभङ्गासम्मको वर्णन गरिएको छ ।

कुलचन्द्र कोइरालाका कविता, गीत, संस्कृतिसम्बन्धी रचनाहरूको अध्ययन विश्लेषण भएको देखिए पनि नियात्राको परिचर्चा र विश्लेषण भएको देखिँदैन । उनको नियात्रासम्बन्धी वस्तुपरक समीक्षाको यही रिक्ततालाई प्रस्तुत अध्ययनले पूरा गर्न खोजेको छ । नियात्रालाई आस्वाद्य बनाउने प्रविधि भनेकै निजात्मक अनुभूति, गतिशीलता, कल्पनाप्रवणता, चित्रात्मकता र तथ्यात्मकता हुन् (व्यास, २०७०, पृ. ८२-८५) । यस मतलाई आधार मानेरै विवेच्य नियात्रालाई विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा स्थानीयताको चित्रणमा इन्द्रियसंवेद्यताको प्रयोग गर्दै यात्री सर्जकले कसरी यात्रानुभूति अभिव्यञ्जित गरेको छ भन्ने दृष्टिले शैलीको विवेचना गरिएको छ । कल्पनाशीलताले पाठकको ध्यान र संवेदनाको दोहन गरेको छ वा छैन भन्ने कोणबाट पनि नियात्राको शिल्पलाई समीक्षा गर्न खोजिएको छ । यात्री सर्जकले आफूलाई प्राकृतिक भौगोलिक वस्तुसित कसरी तादात्म्य राख्न खोजेको छ भन्ने तथ्यको जिज्ञासाले पनि प्रस्तुत अध्ययन अगाडि बढाइएको छ । यात्रीसर्जकको यात्राप्रदेशको अनुभव र अनुभूतिलाई चित्रोपम शैलीमा कसरी अभिव्यक्त गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासा समेत यस अध्ययनमा समेटिएको छ । 'यात्रा लामा बगरको' नियात्रा कृतिमा अभिव्यञ्जित समग्र शिल्पसौन्दर्यको निरूपण गर्नु नै प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ ।

## अध्ययनको विधि

'यात्रा लामा बगरको' शीर्षकको नियात्रा कृतिमा शिल्पविधानको विश्लेषणसँग सम्बन्धित यस अनुसन्धानमूलक लेखमा सैद्धान्तिक आधार निर्माणका निम्ति यात्रासाहित्यको सैद्धान्तिक स्वरूपको निरूपण प्रस्तुत गरिएको छ । 'यात्रा लामा बगरको' नियात्रा कृतिमा समेटिएका 'भूमिगत जीवनको एउटा यात्रा', 'चार दशकपूर्वको एउटा यात्राको सम्झनामा' र 'यात्रा लामा बगरको' शीर्षकका तीन ओटै रचनालाई प्रमुख तथा प्राथमिक सामग्रीका रूपमा चयन गरिएको छ । यी सामग्री सोद्देश्य नमुना छनोट पद्धतिका आधारमा लिइएका हुन् । विवेच्य नियात्रा कृतिको शिल्पविधानको विश्लेषणका लागि प्रस्तुत सामग्रीको चयन गरिएको हो । यी सामग्रीको सङ्कलन पुसतकालयीय कार्यबाट गरिएको छ । 'यात्रा लामा बगरको' नियात्रा कृतिको शिल्पविधानसम्बन्धी विश्लेषणका निम्ति विभिन्न शोधपत्र, शोधप्रबन्ध, समालोचनात्मक ग्रन्थ र साहित्यिक तथा समालोचनात्मक पत्रिकाहरूलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ । सङ्कलित सामग्रीको अर्थापन प्रक्रियाका सन्दर्भमा वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ ।

## यात्रासाहित्यको सैद्धान्तिक स्वरूप

साहित्यका मूल विधाहरू कविता, नाटक, आख्यान र निबन्धमध्ये यात्रासाहित्य निबन्ध विधाभित्र समेटिन्छ । निबन्ध विधाका अनेक भेद र उपभेद पाइन्छन् । जीवनी, संस्मरण, नियात्रा, रेखाचित्र, आत्मकथा आदि निबन्धकै प्रकार मानिन्छन् । यात्रालाई विषय बनाएर लेखिएको निबन्धलाई नियात्रा भनिन्छ (शर्मा, २०५५, पृ. ५१३) । यात्राभित्रको निबन्ध भएकाले यसमा वर्णनात्मकता, वस्तुपरकता र साहित्यिकताको मिलन हुनु आवश्यक देखिन्छ । यात्रासाहित्यलाई नै 'नियात्रा', 'भ्रमण साहित्य', 'यात्रा वृत्तान्त' जस्ता पर्यायवाची शब्दद्वारा चिनाइन्छ (प्रधान, २०५५, पृ. ६७३) । 'यात्रा वृत्तान्त'ले वस्तुपरक यात्रा विवरणलाई सङ्केत गरेको देखिन्छ भने 'नियात्रा' शब्दले यात्रा र निबन्ध शब्दलाई समेटेको छ । नियात्रा शब्दको प्रारम्भ गर्ने श्रेय बालकृष्ण पोखरेललाई जान्छ भन्ने चर्चा

पाइन्छ । बालकृष्ण पोखरेलले कुनै पनि ठाउँको यात्राको निस्तो वर्णनलाई नियात्रा भन्न नसकिने धारणा व्यक्त गरेका छन् । नियात्राकारले आफ्नो यात्रालाई आत्मपरक शैलीमा प्रकट गर्दै आफू सँगसँगै पाठकलाई पनि त्यसै यात्रामा सहभागी गराई आफ्ना आवेग, संवेग र भावना समेत वशीभूत पार्न सकेमा त्यो यात्रा वर्णन नियात्रा हुन्छ बालकृष्ण पोखरेलको मौलिक मत रहेको छ (शर्मा, २०७०, पृ. ५९) । कुनै वस्तुपरक प्रबन्ध निजात्मक अनुभूतिको स्पर्श पाएर आस्वाद्य बने जस्तै कुनै वस्तुपरक यात्रावर्णन पनि वस्तुपरकताको कृत्रिम सीमा पार गरी निजात्मक रसले आस्वाद्य बन्यो भने त्यो रचना नियात्रात्मक हुन थाल्छ भन्ने पोखरेलको दृष्टिकोण रहेको देखिन्छ ।

'नियात्रा' शब्द तारानाथ शर्माको 'बेलाइततिर बरालिँदा' शीर्षक नियात्रासङ्ग्रहको भूमिकामा बालकृष्ण पोखरलले पहिलोपल्ट प्रयोग गरेका हुन् । निबन्धकारिता र यात्रा संस्मरणको मिश्रण भएपछि नियात्रा बन्छ भन्ने समीक्षक पोखरेलको दृष्टिकोण रहेको छ । नियात्रा भन्ने साहित्यिक विधा विश्वसाहित्यलाई नेपाली साहित्यले देखिएको देन हो भने नेपाली साहत्यिलाई चाहिँ बालकृष्ण पोखरेलले दिएको देन हो (पोखरेल, २०७२, पृ. ३) । यात्रासंस्मरण र साहित्यिक निबन्धको योगबाट नियात्रा सिर्जना हुन्छ भन्ने यस मतले पनि नियात्रामा अनुभूति वा निजात्मकताको मात्रा हुनै पर्छ भन्ने कुरामा जोड दिएको छ । 'यात्रा' भन्ने शब्दमा पूर्वसर्गका रूपमा जोडिएको 'नि' ले साहित्यिक निबन्धको सङ्केतक भएर कार्य गरेको छ । 'यात्रा' शब्दले चाहिँ यात्रीले गरेको चित्रमय वर्णनलाई सङ्केत गरेको छ । त्यसर्थ 'नियात्रा' ले सर्जक यात्रीको अनुभूतिको गतिशील वर्णनलाई बुझाएको छ । यात्रासाहित्यलाई विभिन्न चिन्तकहरूको मतका आधारमा विमर्श गर्दै यसको स्वरूपलाई निम्नानुसार चिनाउन सकिन्छ ।

## यात्रासाहित्यसम्बन्धी पाश्चात्य मत

पाश्चात्य साहित्यमा यात्रासाहित्यलाई 'ट्राभलग' भनेर चिनाइन्छ । 'वेब्स्टर्स द इन्टरन्यासनल डिक्सनरी' ले यात्रालाई यात्रीले यात्राका सन्दर्भमा ग्रहण गरेको अनुभव, यात्रारत स्थलहरूका बारेमा निर्माण गरेको चलचित्र, लेखेको ग्रन्थ वा यात्रीले गरेको चित्रमय वर्णन नै 'ट्राभलग' हो भन्ने बुझाउन खोजेको छ (वेब्स्टर्स, सन् १९९३, पृ. १२५६) ।

'अक्सफोर्ड एडभान्स लर्नर डिक्सनरी' मा ट्राभलगलाई यात्राका बारेमा लेखिएको लिखित सामग्री, चलचित्र वा प्रसारित विवरणका रूपमा अर्थ्याउन खोजिएको छ (हर्न बी, सन् २००६, पृ. १६४९) । श्रीधरप्रसाद लोहनी र रामेश्वरप्रसाद अधिकारीद्वारा सम्पादित 'एकता कम्प्रिहेन्सिव इङ्ग्लिस नेपाली डिक्स्नरी' मा पनि 'ट्र्याभलग' लाई भ्रमणको विषयमा तयार पारिएको फिल्म वा उदाहरणसहितको प्रवचन भनिएको पाइन्छ (अधिकारी र लोहनी, सन् २०१०, पृ. १७१६) ।

वेब्स्टर्सको डिक्स्नरी, एडभान्सलर्नरर्स डिक्सनरी तथा एकता कम्प्रिहेन्सिव डिक्स्नरीमा अभिव्यक्त मतले 'ट्राभलग' लाई यात्रीको अनुभव विवरण, चलचित्र वा प्रवचन भनेर चिनाउन खोजेको देखिन्छ । यात्रासाहित्य केवल विवरण मात्र होइन । यो त सर्जक यात्रीले यात्रारत स्थलहरूका बारेमा अनुभूतिमय बयान हो । यसलाई यात्राको विवरणसहितको साहित्यिक अभिव्यक्ति मान्न सकिन्छ । यसलाई यात्राको वृत्तान्त मात्र नभनी यात्राको चित्रमण र अनुभूतिप्रधान अभिव्यक्ति मान्नु उचित देखिन्छ ।

## भारतीय साहित्य चिन्तकका दृष्टिमा यात्रासाहित्य

भारतीय साहित्यमा पनि यात्रासाहित्यलाई चिनाउन यात्रावृत्तान्त, यात्रावृत्त, भ्रमण वृत्तान्त, यात्रासाहित्य जस्ता शब्दहरूकै प्रयोग गरिएको छ । ओमप्रकाश सिंहल, आचार्य उमेश शास्त्री, माजदा असद, हरिमोहन जस्ता

चिन्तकहरूले यात्रासाहित्यलाई यसरी चिनाएको पाइन्छ (व्यास, २०७०, पृ. ६८-६९) । ओमप्रकाश सिंहलले यात्रासाहित्यलाई 'यात्रावृत्त' का रूपमा चिनाउँदै कुनै व्यक्ति विशेषका जीवनमा घटेका कुनै घटनाको साहित्यिक चित्रण भनेर यसलाई अर्थ्याएका छन् । स्थानीयता, तथ्यात्मकता, आत्मीयता, निजात्मकता, कल्पनाप्रवणता, रोचकता र चित्रापमतालाई यात्रासाहित्यका विधायक उपकरण मानेर सिंहलले यी तत्त्वको अभावमा यात्रासाहित्य पर्यटन पुस्तिका हुन जाने तार्किक विचार प्रकट गरेका छन् । त्यसरी नै आचार्य उमेशले यात्रासाहित्यलाई भोगाइका आत्मानुभूतिको अभिव्यञ्जना मानेका छन् । माजदा असदले पनि यात्रासाहित्यलाई यात्राहरूका विवरणको साहित्यिक अभिव्यक्तिका रूपमा चिनाएकी छिन् । हरिमोहनले यात्रासाहित्यको प्रकारलाई उद्देश्य, विषय र शैलीशिल्पका रूपमा वर्गीकृत गर्दै यसको स्वरूपमा स्थानीयता, तथ्यात्मकता, निजात्मकता, कल्पनाप्रवणता, चित्रात्मकता र रोचकता जस्ता विशेषता पाइने धारणा राखेका छन् ।

**नेपाली साहित्यमा यात्रासाहित्यसम्बन्धी मत**

यात्रासाहित्यको स्वरूप निरूपणमा नेपाली साहित्यका विद्वान् तथा समालोचकहरूका मतको पनि विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ । बालकृष्ण पोखरलले तारानाथ शर्माको 'बेलायततिर बरालिँदा' नामक यात्रासङ्ग्रहको भूमिकामा सत्यको निस्तो वर्णन छ भने त्यो यात्रालेख बन्छ र रमरमको आनन्दबाट मुछिएको छ भने त्यो 'नियात्रा' कहलाउँछ भन्ने विचार व्यक्त गरेका छन् (शर्मा, २०७४, पृ. ख) । वासुदेव त्रिपाठीले यात्रासाहित्यलाई अन्य विधाको एउटा उपविधाका रूपमा लिँदै यसलाई आख्यान र निबन्धको दोसाँधमा रहेको विधा मानेका छन् । होमनाथ सुवेदीले पनि वासुदेव त्रिपाठीकै मतसँग मिल्दोजुल्दो धारणा प्रकट गरेका छन् । ईश्वर बरालले निजात्मक अनुभूतिको रमरमाइले उच्छवसित कृतिका रूपमा नियात्रालाई चिनाएर प्रबन्धबाट यात्रा निबन्ध फरक हुने मत राखेका छन् (व्यास, २०७०, पृ. ५२-५३) । राजेन्द्र सुवेदीले पनि यात्रासाहित्यलाई निबन्ध विधाकै अन्तर्भुक्त लेखन मानेका छन् । नरेन्द्र चापागाईं यात्रासाहित्यलाई निबन्धकै उपयोगी उपविधाका रूपमा चिनाउँछन् भने भिक्टर प्रधानले यात्रासाहित्यलाई अन्य विधाको उपविधा मान्दै नव्य विधाका रूपमा विकासशील साहित्यिक भेद भनेर चिनारी दिएका छन् । तारानाथ शर्माले यसलाई निबन्धको मुख्य अङ्गका रूपमा स्विकार गरेका छन् भने मोहनराज शर्मा र दयाराम श्रेष्ठले नेपाली गद्य विधाहरूमध्येको अत्यन्त प्रौढ र विकसित विधा मान्न सकिने मत अभिव्यक्त गरेका छन् (पहाडी, २०७६, पृ. ५७) । केशवप्रसाद उपाध्यायले यात्रासाहित्यलाई स्वतन्त्र रूपमा विकसित विधा मान्दै नियात्राकै रूपमा पृथक् विधा मान्न सकिने विचार प्रस्तुत गरेका छन् ।

यात्रासाहित्यसम्बन्धी नेपाली साहित्यकार तथा समालोचकहरूको मतलाई समीक्षा गर्दा यो विधा होइन निबन्धकै उपविधा हो भन्ने निष्कर्ष प्राप्त भएको छ । यसलाई आख्यान र निबन्धको सन्धि रेखामा उभिन सक्ने उपविधा मानिएको छ । यसको स्वरूपमा पाइने वैशिष्ट्यका रूपमा निजात्मकता वा वैयक्तिकता रहेको देखिन्छ । प्रबन्धबाट विशिष्टीकरणतिर लैजाने तत्त्व नै निजात्मकता भएकाले नियात्रामा निजात्मकता मूल विधायक तत्त्व नै मानिन्छ । नेपाली साहित्यका समालोचकहरूको मतको मीमांसा गर्दा नियात्रा अन्य विधाभित्रको प्रविधा हो भन्ने निर्क्यौल पनि प्राप्त हुन्छ । यात्राको वस्तुपरक वर्णन त यात्राप्रबन्ध मात्र हो । यात्राको रागरञ्जित, चित्रोपम वर्णन मात्र यात्रासाहित्य हो । यात्राकारको निजात्मक अनुभूतिले गर्दा नै नियात्रा वस्तुपरक प्रबन्धबाट अलग अस्तित्व प्राप्त गर्न सफल भएको हो । यो गतिशील, अनुभवाश्रयी र यथार्थपरक रचनाका रूपमा पनि चिनिन्छ ।

**यात्रासाहित्यका तत्त्वहरू**

यात्रासाहित्य पनि अरू विधा जस्तै मौलिक संरचक तत्त्व भएको रचनाविधान हो । निबन्ध विधाकै तत्त्वहरूले पनि यसको निर्मितिमा आधारतत्त्वका रूपमा काम गरेका हुन्छन् । यात्रासाहित्यको निर्माण तत्त्व भनेको यसका संरचक घटकहरू हुन् । यात्रासाहित्यका अभिव्यक्ति (रूप) र कथ्य (विषयवस्तु) को एकीकृत संरचना नै यसको तत्त्व हो । प्रत्येक साहित्यिक कृतिमा रहने आन्तरिक (अर्थसन्दर्भ) र बाह्य (रूप) पक्षले साहित्यिक संरचनाको निर्माण गरेको हुन्छ (शर्मा, २०४८, पृ. ६) । यात्रासाहित्यको आन्तरिक तत्त्व भन्नाले वर्ण्य विषयको निजात्मक अनुभव र रागात्मक अनुभूतिलाई लिन सकिन्छ । आन्तरिक पक्ष वा वर्ण्य विषयलाई रमणीय र रोचक बनाउन यात्री सर्जकले भाषा, शैली, अलङ्कारलाई विषयअनुकूल प्रयोग गरेको हुन्छ । यही शिल्पप्रविधि नै यात्रासाहित्यको बाह्य पक्ष हो ।

यात्रासाहित्यका तत्त्वहरूलाई प्राथमिक तत्त्व र द्वितीयक तत्त्व मानेर पनि प्रस्तुत गर्न सकिन्छ । गतिशीलता, स्थानीयता र तथ्यात्मकतालाई प्राथमिक तत्त्व र निजात्मकता, आत्मीयता, कल्पनाप्रवणता र चित्रात्मकतालाई द्वितीयक तत्त्वका रूपमा लिइएको पाइन्छ (व्यास, २०७०, पृ. ८२-८५) । यिनै तत्त्वलाई आधार मानेर यात्रासाहित्यको वर्गीकरण र विश्लेषण गर्न सकिन्छ ।

गतिशीलतालाई यात्रासाहित्यको प्राथमिक तत्त्वभित्र समेटिएको छ । यसले यात्रावधि, सवारी वा भ्रमणको गति र यात्राको समयलाई सङ्केत गर्छ । नियात्रामा भौतिक गतिशीलता मात्र होइन अनुभूति र दृष्टिकोणका तहमा पनि गतिशीलता चाहिन्छ (त्रिपाठी, २०७३, पृ. ४७) । यस मतले पाठकलाई लेखकसँगै हिँडाउने अवस्थालाई सङ्केत गरेको छ । त्यस्तै स्थानीयतालाई पनि नियात्राको प्राथमिक तत्त्वकै रूपमा लिइन्छ । यात्रा कुनै स्थानसित सम्बद्ध हुन्छ । यात्रीसर्जकले उसका इन्द्रियसंवेद्यताका आधारमा यात्राप्रदेशको परिवेश, त्यहाँको प्राकृतिक, भौगोलिक, भाषिक, सांस्कृतिक, सामाजिक स्थिति र परिदृश्य आदिको पर्यवेक्षण गर्दै यात्रानुभूतिको निर्माण गरिरहेको हुन्छ । यसभित्र मानिसको रहनसहन, जीवनशैली, पेसा, लोकव्यवहार, लोकरीति जस्ता समग्र पक्ष समेटिन्छन् । तथ्यात्मकतालाई पनि यात्रासाहित्यको अनिवार्य तत्त्व मानिएको छ । मनोगत चित्रण मात्र होइन पाठकलाई विश्वस्त बनाउन सक्ने भौगोलिक सजीवता र तथ्यपरक प्रस्तुति समावेश भए मात्र यात्रासाहित्य पाठकमैत्री र प्रभावपूर्ण हुन्छ ।

यात्रासाहित्यका द्वितीयक तत्त्वका रूपमा निजात्मकता कल्पनाशीलता, चित्रात्मकता आदिलाई लिने गरिन्छ । संवेदना र सौन्दर्यको आधारशिला निजात्मकता नै हो । लेखकका निजी भोगाइ, रुचि, प्रवृत्ति आदिलाई निजात्मकताले समेटेको देखिन्छ । यात्री सर्जकले विषयवस्तुलाई आफ्नो अनुभव संस्कार र निजी अनुभूतिमा रङ्ग्याएर सिर्जनशील यथार्थमा परिणत गरेको हुन्छ । कल्पनाशीलतालाई पनि नियात्राको द्वितीयक तत्त्व मानिएको छ । यात्रालेखकले पाठकलाई यथार्थ संसारबाट उडाउँदै हुत्याउँदै भूत र वर्तमानमा नचाउन सक्छ । मूर्तलाई अमूर्त र अमूर्तलाई मूर्त बनाएर नियात्रालाई पठनीय र सरस बनाउने तत्त्व कल्पनाशीलतालाई मानिन्छ । त्यसै गरी चित्रात्मकता पनि यात्रासाहित्यको उल्लेखनीय तत्त्व हो । यात्राप्रदेशका रङ्गीबिरङ्गी दृश्यहरू प्राकृतिक परिदृश्यहरू, यात्रा क्रममा लेखकले साक्षात्कार गरेका व्यक्ति, वस्तु र घटनाका साकार रूपहरू यात्रासाहित्यमा चित्रोपम शैलीमा समेटिएका हुन्छन् । कलात्मक शैलीमा उतारिएका शब्दचित्रले पाठकको संवेदनाको दोहन सशक्त रूपमा गर्न सक्छन् ।

प्राथमिक तथा द्वितीयक यी दुवै थरी तत्त्वहरूले यात्रासाहित्यको स्वरूप निर्माण गरेका हुन्छन् । यात्रासाहित्य वस्तु यथार्थको कोरा प्रस्तुति मात्र होइन, यो त पाठकलाई यात्राको आस्वादन गराउने शिल्प पनि हो । प्रकृतिलाई मानवीकरण गर्ने, मानवको प्रकृतीकरण गर्ने, मूर्तलाई अमूर्त र अर्मूतलाई मूर्त बनाउने अनेक प्रविधिका कारण यात्रासाहित्यको शिल्प सौन्दर्य आस्वाद्य बनेको हुन्छ ।

## 'यात्रा लामा बगरको' कृतिमा नियात्रा शिल्पको विश्लेषण

कुलचन्द्र कोइरालाको 'यात्रा लामा बगरको' नामक नियात्रा कृतिमा तीन ओटा फुटकर नियात्रा सङ्कलन गरिएको पाइन्छ । समग्रमा यी तीन ओटै रचनालाई साक्ष्य बनाई विवेच्य कृतिको शिल्पसम्बन्धी समीक्षा गरिएको छ । नियात्राको शिल्प विषयवस्तुसित समागम भएरै प्रस्तुत हुने भएकाले शिल्पनिरूपणका निम्ति विषयवस्तुगत प्रवृत्तिलाई पनि एउटा मानदण्ड बनाइएको छ । शिल्प विश्लेषणका अन्य मानदण्डहरूमा निजात्मकता, आलङ्कारिकता र भाषाशैलीगत सरसता र प्रस्तुतिगत मौलिकता रहेका छन् । यी मानदण्डका आधारमा निम्नानुसार नियात्रा शिल्पको विश्लेषण गरिएको छ :

### (क) विषयवस्तुगत प्रवृत्ति

'यात्रा लामा बगरको' नियात्राको प्रारम्भिक भागमा 'यात्रा लामा बगरको' शीर्षककै नियात्रा रहेको छ भने मध्य भागमा 'भूमिगत जीवनको एउटा यात्रा' नामक नियात्रालाई समावेश गरिएको छ । कृतिको अन्त्य भागमा 'चार दशकपूर्वको एउटा यात्राको सम्झनामा' भन्ने नियात्रा राखिएको छ । पछिल्लो नियात्राको शीर्षकमै संस्मरणात्मकताको सङ्केत पाइन्छ । चार दशक अगाडिको यात्रालाई सम्झेर बयान गरिएकाले कुलचन्द्र कोइरालाको नियात्रामा संस्मरणको मिश्रण पाइन्छ भन्ने यसबाट पुष्टि हुन्छ । उनका नियात्रामा स्वदेशी परिवेशको चित्रण पाइन्छ । विवेच्य कृतिका तीन ओटै नियात्राहरू स्वदेशका तराईका जनकपुर आसपासदेखि पहाडी प्रदेश हुँदै उत्तरतर्फको हिमाली प्रदेशसम्मलाई यात्राप्रदेशका रूपमा चयन गरिएको छ । 'भूमिगत जीवनको एउटा यात्रा' मा भने भारतको दरभङ्गासम्मको अनुभवलाई आंशिक रूपमा प्रतिबिम्बित गरिएको छ । 'यात्रा लामा बगरको' नामक पहिलो नियात्रामा नियात्राकारले त्यस यात्रा प्रदेशको यात्रालक्ष्य तिब्बत सिमानाका व्यक्तिका हदमा परेको पिरमार्का बुझेर त्यसको निराकरण गर्न परराष्ट्र मन्त्रालयबाट एउटा जरुरी पत्र बडाहाकिमलाई गएकाले तत्कालीन बडाहाकिमकै एउटा टोलीको मुख्य सहयोगी भएर उत्तरी दुर्गम क्षेत्रको स्थिति बुझ्नु रहेको भन्ने स्पष्ट पारेका छन् (कोइराला, २०५०, पृ. २) । 'भूमिगत जीवनको एउटा यात्रा' भन्ने दोस्रो नियात्रामा सर्जक यात्रीले २००७ सालको जनक्रान्तिपूर्व खास गरी २००५ सालमा दरभङ्गामा भएको काङ्ग्रेसको तेस्रो अधिवेशनले देशव्यापी सत्याग्रह गर्ने प्रस्ताव पास गरेकाले राजनीतिक गतिविधितिर सक्रिय रहँदै आफू सत्याग्रह टोलीको सदस्य भएर लुकीलुकी यात्रा गर्दाको अनुभव व्यक्त गरेका छन् । यो नियात्रा कम गतिशील र बढी संस्मरणात्मक देखिन्छ । यात्राप्रदेशको रहनसहन, प्राकृतिक, भौगोलिक परिदृश्यभन्दा राजनीतिक परिवेशको वर्णनमा यो नियात्रा केन्द्रित भएको पाइन्छ । तेस्रो नियात्रा काठमाडौँबाट गोसाइँकुण्डतर्फको २० दिने यात्रामा आधारित देखिन्छ । यो यात्रा तीर्थयात्राको उद्देश्यले गरिएको रोमाञ्चक घुमफिरको सिर्जनात्मक संस्मरण हो । नियात्राकारले पहिलो नियात्रामा यात्राप्रदेशको भौगोलिक, प्राकृतिक, सामाजिक, सांस्कृतिक पक्षको सरस चित्रण गरेका छन् । तत्कालीन पूर्व २ नम्बर इलाकामा अवस्थित करिब नौ हजार सफट उचाइमा पर्ने धोबी भन्ने ठाउँको सुन्दर वातावरणको चर्चाले पाठकलाई आकर्षित गर्दछ । यात्राका क्रममा देखिएका लेकाली गाईगोठ, लहरे दही, मकैको भात, आलुको तरकारीको प्राकृतिक स्वाद मात्र होइन ठोसे बजारका ताल्चा, खुकुरी, पानस, मकल बनाउने शिल्पी मान्छेहरूको

वर्णनले नियात्रालाई रोचक, पठनीय र गतिशील बनाएको छ । ठोसे, जिरी, सुरी दोभान अनि भोट पुगेर ल्याएको नुनसँग दुई पाथी कोदो साट्ने बाध्यताको चर्चाले त्यहाँको आर्थिक जीवनको पनि झलक प्रस्तुत भएको भेटिन्छ । भोटेकोसी किनारका प्राकृत ओढारमा बिनाताल्चा आफ्ना सरसामान राखी जीवन निर्वाह गर्ने निश्चिन्त जीवनलाई यसरी चित्रण गरिएको छ :

> चोरी छैन, छलछाम छैन, खुला ओढारमा राखेको भारीतारी र मालसामान कसैले लैजाँदैन । न ढोकाको काम छ न ताल्चाको । खुसहाल जिन्दगीको विश्रामस्थल, केलिगृह (यात्रा लामा बगरको, पृ. १३) ।

विवेच्य नियात्रा कृतिको दोस्रो रचनामा पनि राजनीति, प्रशासन, कृषि, सामाजिक रीतिथिति, संस्कृति जस्ता विषयको सुन्दर अभिव्यक्ति प्रस्तुत भएको देखिन्छ । २००५ सालमा भएको दरभङ्गास्थित काङ्ग्रेसको तेस्रो अधिवेशन, देशव्यापी सत्याग्रह, विद्यार्थी आन्दोलन, महोत्तरीका बडाहाकिमको कठोर व्यवहार, तत्कालीन प्रशासनिक प्रणाली र निरङ्कुश राजनीतिक परिवेशको वर्णनले नियात्रा गतिशील बनेको पुष्टि हुन्छ । सिन्धुलीको सुनकोसी गडतिरदेखि चुरे पर्वत हुँदै तराईतर्फ झर्दाको २४ कोसे बाटोको भौगोलिक, प्राकृतिक वर्णनले पनि नियात्रामा स्वाभाविकता र विविधता थपिएको देखिन्छ ।

'चार दशकपूर्वको एउटा यात्राको सम्झनामा' शीर्षकको तेस्रो यात्रा वर्णनमा भने नियात्राकारले गोसाईंकुण्ड जाँदाको २० दिने यात्रावधिको रोचक अनुभव समेटेका छन् । नुवाकोटको मालअड्डा वेत्रावतीको दृश्य, बाटामा भेटिएका रसिक स्वभावका सिपाहीहरू, विधवा युवतीको बयान, तत्कालीन बहुविवाहको कुसंस्कार र बालविवाहको वर्णनले नियात्राको विषयवस्तुगत प्रस्तुतिलाई निकै आस्वाद्य बनाएको छ । तेस्रो नियात्रामा पनि नुवाकोट र रसुवा जिल्लामा पर्ने प्रमुख स्थानहरूको भौगोलिक वर्णन, गोसाईंकुण्डको धार्मिक, सांस्कृतिक विवरण, हिमाली भेकका पाखापर्वत, वनजङ्गल, हावापानी, यात्राका क्रममा भेटिएका महिला सहयात्री र तिनीहरूसँगको शृङ्गारिक वार्ता आदिको वर्णनले नियात्रालाई रोचक बनाएको छ ।

विवेच्य कृतिभित्र समेटिएका तीन ओटै नियात्राहरूमा स्थानीयताको सुन्दर चित्रण पाइन्छ । स्थानीयताको पर्यवेक्षण गर्दै यात्रीसर्जकले विभिन्न स्वभावका व्यक्ति र उनीहरूको मनोवृत्तिसँग पाठकलाई साक्षात्कार गराउनु, भौतिक अवस्थाको परिदृश्यात्मक अनुभव अभिव्यञ्जित गर्नु, यात्राप्रदेशको सामाजिक रहनसहन, जीवनशैली, लोकव्यवहार, लोकरीति आदिको प्रतिबिम्बन गर्नु, यात्राप्रदेशको तथ्यपरक अभिव्यक्ति प्रस्तुत गरी नियात्रालाई विश्वसनीय बनाउनु जस्ता विशिष्ट प्रवृत्ति 'यात्रा लामा बगरको' नियात्रा कृतिमा पाइन्छन् ।

**(ख) निजात्मकता**

विवेच्य नियात्रा कृतिमा लेखकीय वैयक्तिकताको सन्तुलित चित्रण गरिएको छ । भावुकताले नियात्राको यथार्थलाई दबाएको छैन । लेखकको आत्मराग र कल्पनाले यात्राप्रदेशको भौगोलिक, प्राकृतिक र सामाजिक परिवेशलाई पाठकले आतमसात गर्दै नियात्रामा हिँड्यो भने मात्र त्यो नियात्रा आस्वाद्य बन्छ । नियात्राकारको रुचि, निजी भोगाइ जस्ता प्रवृत्ति पनि 'यात्रा लामा बगरको' कृतिमा अभिव्यक्त भएका छन् । राजनीतिप्रतिको झुकाव, यात्राका क्रममा देखिएका वैवाहिक रीतिपद्धतिको प्रतिक्रिया, तत्कालीन निरङ्कुश व्यवस्थाले सिर्जना गरेको कठोर परिवेश आदिको चित्रण गर्दै नियात्रामा यथार्थलाई प्रस्तुत गरिएको देखिन्छ । निजात्मकताले पाठकलाई हस्तक्षेप नगरी लेखकका निजी धारणा प्रस्तुत भएकाले विश्लेष्य कृति आस्वाद्य बनेको हो ।

**(ग) आलङ्कारिकता**

नियात्रालाई सरस, काव्यात्मक र सुन्दर बनाउन अलङ्कारको विशेष भूमिका हुन्छ । भाषिक, साहित्यिक र आलङ्कारिक उपकरणले नियात्रालाई सिर्जनात्मक यथार्थमा परिणत गर्दछ (पहाडी, २०७६, पृ. ६२) । विश्लेष्य नियात्रामा सौन्दर्यचेत नियात्राकारको उच्च देखिनुमा आलङ्कारिक अभिव्यक्तिको विशिष्ट भूमिका देखिन्छ । आन्तरिक सौन्दर्य सबल बनाउन नियात्रामा अलङ्कारको प्रयोग गरिन्छ । कथ्य प्रस्तुत अर्थका प्रतिच्छाया वा पूरकका रूपमा प्रयुक्त हुने अर्को सहवर्ती अर्थ नै बिम्ब वा अर्थालङ्कार हो (त्रिपाठी र अन्य, २०४६, पृ. २१) । यस मतले रचनाको प्रतिपाद्य अर्थकै सबलीकरणका लागि अलङ्कारको प्रयो गरिन्छ भन्ने स्पष्ट पारेको छ । पूर्वीय साहित्य शास्त्रको अध्ययन गरेका नियात्राकार कुलचन्द्र कोइरालाले विश्लेष्य नियात्रा कृतिमा उपमा, रूपक जस्ता अर्थालङ्कारको प्रयोग गरेको पाइन्छ । नियात्राको भाषिक सौन्दर्य उच्च बनाउने यी अर्थालङ्कारलाई यसरी प्रयोग गरिएको छ :

(क) युवकको काँधमा मुन्टो अड्याएकी सुन्दर युवती सेर्पिनीका स्याउ जस्ता गाला (यात्रा लामा बगरको, पृ. १८) ।

(ख) वारिपारि जोडिनै लागेका फलामे छाती भएका उत्तुङ्ग पर्वत शिखर (यात्रा लामा बगरको, पृ. २०) ।

(ग) अनेकन् ढुङ्गामा ठक्कर खाएको पीडाले चित्कार गरेझैँ दङदङ छङछङ र ह्वार्रह्वार्रको तुमुल ध्वनिले गुञ्जयामान कोसीको आवाज (यात्रा लामा बगरको, पृ. २१) ।

'यात्रा लामा बगरको' नियात्रा सङ्ग्रहबाट उद्धृत गरिएका वाक्यहरूमा वाक्य (क) मा सेर्पिनीका गालालाई 'स्याउ जस्ता' भन्ने उपमानको प्रयोग गरी उपमा अलङ्कारको प्रयोग गरिएको छ भने वाक्य (ख) मा जोडिनै लागेका अग्ला शिखरलाई फलामे छाती भएको भन्ने रूपकको प्रयोगले अर्थ्याइएको छ । उदाहरण (ग) मा पनि कोसीको आवाजलाई पीडाले चित्कार गरेको आवाजको उपमा दिई उपमा अलङ्कारकै प्रयोग गरिएको छ । नियात्राका विभिन्न कथनमा अतिशयोक्ति अलङ्कारको समेत प्रयोग गरी उक्तिसौन्दर्य सिर्जना गरेको पाइन्छ । यी अर्थालङ्कारले नियात्राको गद्यशैलीलाई सहज, संप्रेष्य, लालित्यपूर्ण र आकर्षक बनाएका छन् ।

**(घ) भाषाशैलीगत सरसता**

विवेच्य नियात्राको भाषाशैली सरल, प्राञ्जल र सूक्तिमय देखिन्छ । यात्रासाहित्य भाषिक कला हो । यसमा आत्मपरक वा निजात्मक शैलीको प्रधानता रहन्छ । प्रथम पुरुषप्रधान कथनशैलीको प्रयोगले नियात्रा आस्वाद्य बन्दछ (व्यास, २०६९, पृ. १८) । निजात्मकताको अभिव्यक्ति प्रथम पुरुषप्रधान कथन शैलीमा देखिन्छ भन्ने विचार प्रस्तुत मतमा पाइन्छ । शिल्प वा शैली भनेकै भाषा र कलाको सुन्दर मिलन हो (शर्मा, २०४८, पृ. १२) । साहित्यिक रचनाको सौन्दर्य शाब्दिक सौन्दर्य हो । यो सौन्दर्य भौतिक वा स्पर्शग्राह्य होइन मनोग्राह्य हुन्छ भन्ने शर्मा (२०४८) को मत रहेको छ । भाषाशैलीको विश्लेषण भनेको रचनाभित्र संश्लिष्ट रूपमा रहेको कथ्य र अभिव्यक्तिको सम्बन्धलाई मिहिन ढङ्गले केलाएर सौन्दर्यसर्जक संवेगलाई उद्घाटित गर्नु हो । विवेच्य नियात्रामा प्रकृतिको मानवीकरण गरी भाषालाई सुललित र संवेद्य बनाइएको छ । 'वारिपारि जोडिनै लागेका फलामे छाती भएका उत्तुङ्ग पर्वत शिखर' (यात्रा लामा बगरको, पृ. २०) जस्ता वाक्यले नियात्राको निजात्मकता र कवितात्मक लालित्य बढाएको छ । भाषा प्रयोगका दृष्टिले विवेच्य नियात्राहरूमा तत्सम र तत्भव शब्दहरूकै अत्यधिक प्रयोग गरिएको छ । तत्सम शब्दहरूमा पनि क्लिष्ट होइन अति प्रचलित शब्दहरूकै प्रयोग गरिएको देखिन्छ । "प्रकृतिको असीम सौन्दर्यका साथै भयावह शब्दध्वनि र तुरुन्त पातालको गहन गर्तमा भासिएको मानिसको विचित्र अनुभूति हामीले अनुभव गरेका थियौँ" (यात्रा लामा बगरको, पृ. २०-२१) । यी तत्सम शब्दहरू

सहज रूपमा प्रयुक्त भएका छन् । त्यसरी नै 'खोँच', 'कोसी' जस्ता तद्भव र 'ढेवा' (पृ. २७), 'अम्बा' (पृ. २४) जस्ता चिनियाँ आगन्तुक शब्दहरू र 'मरद', 'वरद', 'घरमुहैं' (पृ. १३८) जस्ता देशज आगन्तुक शब्दहरूको पनि स्वाभाविक रूपमा प्रयोग गरिएको छ । सहयात्रीबिचको संवादात्मक कथन, सामान्य भूतकालका वाक्यमा गरिएको प्रवाहपूर्ण वर्णन, सूत्रात्मक कथन, लोकोक्तिको प्रयोग जस्ता विशेषताले 'यात्रा लामा बगरको' कृतिमा भाषिक सरसताको सृष्टि भएको देखिन्छ ।

### (ङ) मौलिक प्रस्तुति

'यात्रा लामा बगरको' नियात्रा कृतिमा विषयवस्तु र प्रस्तुतिमा सन्तुलन र नवीनता सिर्जना गरी मौलिकता देखाउन खोजिएको छ । सूक्तिमय, सरल र गहन वाक्यहरूको प्रयोग प्रस्तुतिगत मौलिकताको उदाहरण हो । 'एक घर बहत्तर चुल्हा' (पृ. ४५), 'श्रीमान् वा श्रीमती सम्झेका मान्छे र घर फर्केका गोरुलाई हिँड् भन्नु पर्दैन' (पृ. १३८), 'दोलखेले जागिर नखाएको ठाउँ र धुलिखेलेले व्यापार नगरेको ठाउँ कहीँ पाइँदैन' (पृ. ४६) जस्ता विवेच्य कृतिभित्रका साक्ष्यले नियात्रा मौलिकताले सजिएको पुष्टि गरेका छन् । यी लोकोक्ति र सूक्तिमय वाक्यले नियात्रालाई सुसंवेद्य र पठनीय बनाएका छन् । विश्लेष्य नियात्रामा पाइने अर्को नवीनता वा मौलिकता भनेको चित्रात्मकताको प्रयोग पनि हो । नियात्रामा यात्राप्रदेशका रङ्गीबिरङ्गी दृश्यहरू, प्राकृतिक परिदृश्यहरू, यात्राप्रदेशमा साक्षात्कार गरिएका व्यक्ति, वस्तु र घटनाका साकार रूपहरूको वर्णन कलात्मक शैलीमा उतारिएका शब्दचित्रले अभिव्यञ्जित गरेका छन् । चित्रोपम शैलीमा प्रतिबिम्बित यात्राप्रदेशको झलकले पाठकको संवेदनाको दोहन गरेका छन् । लामा बगरमा बगेको भोटेकोसीको वर्णन (पृ. २४-२७), दोलखा बजारको जीवन शैलीको चित्रण (पृ. ४६) जस्ता थुप्रै सजीव बयानले नियात्राकारसित पाठकले सँगसँगै यात्रा गरेको अनुभूति लिन्छ । यसले नियात्रामा मौलिकता थपेको छ ।

## निष्कर्ष

'यात्रा लामा बगरको' नियात्रामा अभिव्यञ्जित प्रकृतिप्रेम र राष्ट्रप्रेमको अन्तर्वस्तुलाई निजात्मकता, आलाङ्कारिकता र चित्रात्मकताले सुसंवेद्य बनाएका छन् । नेपालको हिमाली पहाडी भेगका बासिन्दाको सङ्घर्षपूर्ण जनजीवनलाई नियात्रामा चित्रोपम शैलीमा प्रस्तुत गर्नु कृतिको शिल्पगत सबलता हो । २००७ सालको आसपासमा तत्कालीन नेपालका शासकहरूले उत्तरी छिमेकीका प्रशासकहरूसँग राखेको मैत्री सम्बन्ध र त्यस समयको राजनीतिक, प्रशासनिक, सामाजिक, सांस्कृतिक परिवेशको समग्र झलकलाई रागात्मक शैलीमा प्रस्तुत गर्नु नियात्राको वैशिष्ट्य हो । विवेच्य कृतिमा समाजका निम्नि वर्गप्रति सहानुभूति राख्दै स्वदेश, स्वजाति, स्वसंस्कृति र राष्ट्रिय स्वाभिमानप्रति विशेष श्रद्धाको भाव अभिव्यञ्जित भएको छ । पहाडी हिमाली जनजीवनको पर्यवेक्षण गर्दै यात्राप्रदेशको सूक्ष्म विश्लेषणसहित नियात्रालाई पठनीय बनाउनु सर्जकको सफलता हो । लोकोक्तिको सुन्दर प्रयोग, प्रवाहमय र लालित्यपूर्ण भाषा, सूक्तिमय कथन, चित्रात्मक वर्णन, सहज आलाङ्कारिक प्रस्तुति, सरल र सहज भाषिक विन्यास तथा लालित्यपूर्ण शैलीले 'यात्रा लामा बगरेको' नियात्रा कृति सुसंवेद्य बनेको निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भसामग्री सूची

अधिकारी र लोहनी (सन् २०१०). *एकता कम्प्रिहेन्सिव इङ्गलिस नेपाली डिक्स्नरी.* काठमाडौँ : एकता प्रकाशन ।

उपाध्याय, वेदव्यास (२०६६). "नेपाली यात्रा साहित्य (वि.सं. १९९९-२०४६) को प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन". अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय, त्रि.वि., कीर्तिपुर ।

कोइराला, कुलचन्द्र (२०५०). *यात्रा लामा बगरको.* काठमाडौँ : कुलचन्द्र कोइराला स्मृति प्रतिष्ठान ।

कोइराला, कुलप्रसाद (२०६९). *सिन्धुलीका स्रष्टा.* काठमाडौँ : कुलचन्द्र कोइराला प्रतिष्ठान ।

जोशी, कुमारबहादुर (२०४०). *कविता चर्चा.* काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, गीता (२०७३). *नेपाली नियात्रा : सिद्धान्त र प्रयोग.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०६६). *साहित्य सिद्धान्त, शोध तथा सिर्जना विधि.* काठमाडौँ : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य सम्पा. (२०४६). *नेपाली कविता भाग ४.* ललितपुर : साझा प्रकाशन ।

पहाडी, ढुण्डिराज (२०७६). "यात्रासाहित्यको शिल्पतात्विक सौन्दर्य". *के.एम.सी. नेपाल जर्नल.* (२/२). पृ. ५७ ।

पोखरेल, माधव (२०७२). "माटोमा पोष चापागाईंको नियात्रा शैली". *माटो.* काभ्रे : शब्दयात्रा प्रकाशन, पृ. ३ ।

प्रधान, भिक्टर (२०५५). "यात्रा (भ्रमण) साहित्य". *नेपाली साहित्य कोश.* बराल र अन्य सम्पा. काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, पृ. ६७३-६७७ ।

वेब्स्टर्स, मेरियम (सन् १९८८). *नाइन्थ कोलिजिएट डिक्स्नरी.* युएसए : स्प्रिडफिल्ड, म्यास्याचुसेट ।

व्यास, निर्मोही (२०६९). "नेपाली नियात्राको ऐतिहासिक सङ्ग्रह". *नेपाली नियात्रा (खण्ड १).* व्याकुल पाठक (सम्पा.). काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. १२ ।

व्यास, निर्मोही (२०७०). *यात्रासाहित्यको सिद्धान्त.* ललितपुर : वीणा पोखरेल ।

शर्मा, तारानाथ (२०७०)."नेपाली साहित्यको विश्वव्यापीकरणमा गैरआवासीय नेपाली सङ्घको भूमिका". *शब्द संयोजन.* (१०/७), पृ. ५९ ।

शर्मा, तारानाथ (२०७४). *बेलायततिर बरालिँदा.* (सातौँ संस्क.). ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज (२०४८). *शैलीविज्ञान.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

हर्न बी, एस.एस. (सन् २००६). *अक्सफोर्ड एडभान्स लर्नस डिक्स्नरी.* दिल्ली : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।